# तानसेन नगरपालिका

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

२०७३

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
*Website : www.tansenmun.gov.np*

पत्र संख्या :

चलानी नं. :

## प्रेस विज्ञप्ति

मिति.................................

२०७७ पुस ८

### येशु ख्रीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०२१ को अवसरमा हार्दिक शुभकामना !

तानसेन, पाल्पा लगायत विश्वभर छरिएर रहेका क्रिश्चियन समुदायको महान पर्व अर्थात् येशु ख्रीष्टको जन्मोत्सव तथा क्रिसमस पर्व र नयाँ वर्ष सन् २०२१ को अवसरमा सम्पूर्ण इसाई समुदायप्रति हार्दिक शुभकामना प्रकट गर्दछौं । नेपालमा बसोबास गर्दै आएका नेपालीले मान्ने सबै धर्म संस्कृतिलाई नेपालको संविधानले समआदर गरेको तथ्य हामी सबैलाई अवगत नै छ । धार्मिक सहिष्णुताको नमूना मानिने नेपाली समाजमा परापूर्व कालदेखि एकआपसमा धार्मिक सदभाव विद्यमान रहेको छ । धार्मिक, सांस्कृतिक सहिष्णुता नेपाली समाजको महत्वपूर्ण पहिचान हो । नेपाल राष्ट्र निर्माणको अभियानमा पक्कै पनि सबै जातजाति, भाषाभाषि र धर्मसंस्कृतिको यथोचित भूमिका रहन्छ तसर्थ आआफ्ना कला, संस्कृति, रीतिरिवाजको जगेर्नामा लागौं, सुखी नेपाली समृद्ध नेपाल नारालाई साकार पार्न सहकार्य र सहयोगलाई निरन्तरता दिदैं अघि बढौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सबै जातजाति र भाषा धर्मका अनुयायीहरुले एकअर्काप्रति आदर, सम्मान गर्न सिकौं, गरौं र नेपाली समाजलाई सहिष्णुताका लागि नमूना बनाऔं । विकास निर्माणका काममा हातेमालो गरौं, तानसेन पाल्पालाई सुन्दर र समृद्ध तुल्याऔं । कोरोना (कोविड–१९) भाइरस संक्रमणबाट आफू जोगिऔं र अरुलाई पनि जोगाऔं । स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर चाडपर्व मनाऔं ।

अन्त्यमा, पुन: सम्पूर्ण इसाई समुदायप्रति क्रिसमस पर्व र नयाँ वर्ष सन् २०२१ को अवसरमा सुखशान्ति एवम् समृद्धिका लागि हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही

नगर प्रमुख

नगर प्रमुख

एवम्

तानसेन नगरकार्यपालिका परिवार

Scanned with CamScanner